# नीति तथा कार्यक्रम

*प्रमुख अतिथि ज्यू,*
*बिशेष अतिथि ज्यूहरू,*
*अतिथि ज्यूहरु,*
*नगरसभाका सदस्यज्यूहरु,*
*पत्रकारज्यूहरु,*
*उपस्थित सबै कर्मचारीहरु ।*

आज यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ । यस अवसरमा म सर्वप्रथम लोकतन्त्र एवम् गणतन्त्रको स्थापनाका क्रममा जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन गुमाउनुहुने सम्पूर्ण शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै विनम्रतापूर्वक नमन गर्दछु ।

विश्व महामारीको रूपमा फैलिएको कोरोना भाईरस संक्रमणका कारण ज्यान गुमाउनु हुने नेपाली लगायत विश्वभरका नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना प्रकट गर्न चाहन्छु । साथै महामारीबाट संक्रमित भई उपचारको क्रममा रहनुभएका सम्पूर्ण नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

सघीय सरकार, प्रदेश सरकार तथा यस नगरपालिकाको नीति तथा कार्यक्रम र आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गर्दै नतिजामूलक उपलब्धी हासिल गर्ने गरी **गौशाला नगर : स्वच्छ, सुन्दर, समुन्नत नगर** को रुपमा मूर्त रुप दिन हामी सम्पूर्ण निर्वाचित पदाधिकारीहरु प्रतिबद्ध छौं ।

निर्वाचित जनप्रतिनिधि बहाल भएको ४ वर्षको अवधिमा महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन् । ग्रामीण र पछाडि परेका क्षेत्रहरुमा आर्थिक, सामाजिक र पूर्वाधार विकासमा प्राथमिकताका साथ कार्यहरु गरिएका छन् । जनताको घरदैलोसम्म सेवालाई चुस्त प्रभावकारी नतिजामुखी र जनउत्तरदायी बनाउन सबै वडाबाट सेवा प्रवाह भएको छ । नेपाल सरकारबाट समायोजन भई आएका सबै कर्मचारीहरुको उचित व्यवस्थापन गरिएको छ । यी चार वर्षहरुका हाम्रा सामुहिक प्रयासबाट नगरपालिकामा विकासका विभिन्न क्षेत्रहरुमा सकारात्मक सुधारहरु भईरहेका छन् । सडक, बत्ती, खानेपानी, पुल, कल्भर्ट विद्यालयहरुको भौतिक सुधार एवम् सेवा प्रवाहको क्षेत्रमा भएका विकासहरु उत्साहजनक एवम् भविष्यप्रति आशा जगाउने खालका छन् । तथापि विकासका यी प्रयासहरु पर्याप्त छैनन् । समुन्नत गौशाला नगरको लक्ष्य हासिल गर्नका निम्ति हामी थप उत्साह जोश र जाँगरका साथ अघि बढिरहेका छौं ।यसै गरी आगामी दिनहरुमा पनि स्थानीय सरकारको संयन्त्रबाट प्रवाह हुने सेवालाई समावेशी, व्यावसायिक, प्रतिस्पर्धी, सेवामुखी र स्वावलम्बी बनाउँदै स्थानीय सरकारको सुशासनको संस्थागत विकासमा हामी प्रतिबद्ध छौं ।

विगतका सिकाइहरुबाट आफ्ना कार्य र योजनाहरुलाई थप परिष्कृत गर्दै कमी कमजोरीहरुलाई सुधार गर्दै अगाडि बढ्नु आजको अपरिहार्य आवश्यकता रहेको छ । विकास र सुशासन अभिवृद्धि गर्दै प्रभावकारी सेवा प्रवाहको आधार केन्द्रको रुपमा स्थापना गर्दै जनतालाई पुर्याउनुपर्ने कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाको प्रत्याभूति दिन हाम्रो महत्वपूर्ण भूमिका हुनेछ । यसका लागि सरकारी, निजी, गैरसरकारी, सामुदायिक क्षेत्रसंग साझेदारी र सहकार्य गर्ने नीति लिईनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

कोरोना महामारीको कारण गरिएको बन्दाबन्दीबाट एकातिर नगरको आन्तरिक आय तथा केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडको आयमा ठूलो र नकारात्मक असर पुग्न गएको छ भने अर्कोतिर भएको आय समेत कोरोना रोग रोकथाममा खर्च गर्नुपर्ने अवस्था सृजना भएको छ । यसले विकासका कार्यहरुमा नकारात्मक असर पुगेको छ भने कोरोना महामारीको कारण विश्वव्यापी रुपमा भएको जीउज्यानको क्षति आर्थिक गतिविधिमा ह्रास र रोजगारी गुम्ने र गुमेको अवस्थाले ठूलो मनोवैज्ञानिक त्रास समेत उत्पन्न गराएको छ । यसले हाम्रा विकासका प्राथमिकता पुनः परिभाषित गर्न एवम् कार्यशैलीलाई परिवर्तन गर्न घच्घच्याएको छ । तसर्थ नगरको समग्र विकासका लागि अर्थतन्त्रका सबै क्षेत्रहरुलाई उत्प्रेरित गराई गतिशील बनाउनु जरुरी भएको छ ।

**"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा सहितको विकासका लक्ष्यहरु हासिल गर्न गौशाला नगरपालिकाले प्रभावकारी भूमिका निर्वाह गर्नेछ । **गौशाला नगर : स्वच्छ, सुन्दर, समुन्नत नगर** भन्ने नगरको मूल नारालाई साकार पार्न नगर क्षेत्रलाई नेपालकै समृद्ध, व्यवस्थित, प्रविधिमैत्री, सुन्दर एवं सफा, हराभरा नगर बनाउन समग्र नीति तथा कार्यक्रम बीच उचित तालमेल आवश्यक छ । यसर्थ आर्थिक वर्ष २०७८/०७९ को बजेट निर्माण गर्दा नगरवासीले अनुभूति गर्न सक्ने गरी नगर सुशासन र विकासलाई संस्थागत गर्ने प्रबन्ध मिलाइनेछ ।

हामीलाई विश्वास छ सबै जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दलका प्रतिनिधिहरु, विकास साझेदारहरु, सञ्चारकर्मी एवम् सम्पूर्ण नगरवासीहरुको एकताबाट यस नगरपालिकालाई कृषि, सहकारी, उद्यमशीलताका माध्यमबाट शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार विकासका क्षेत्रमा अग्रगामी पाइलाहरु चाल्दै मुलुककै समृद्ध एवम् हराभरा नगरको रुपमा विकास गर्न सक्नेछौं ।

नगर सभा सदस्यज्यूहरु,

अब म चालु आर्थिक वर्ष **२०७७/०७८** को नीति तथा कार्यक्रम कार्यान्वयनको संक्षिप्त अवस्था प्रस्तुत गर्न गईरहेको छु ।

- गौशाला नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।आगामी आर्थिक वर्षमा सोही भवनबाट सेवा सुचारु हुनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा ३ जना MBBS डाक्टरमार्फत स्वास्थ्य सेवा सुचारु भैरहेको छ।
- बालविकास सहयोगी कार्यकर्ताहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ।
- थप एक थान एम्बुलेन्स खरिद गरी आकस्मिक सेवा प्रवाहलाई प्रवर्द्धन गरिएको छ।
- इन्जिनियरिङ्ग क्याम्पसका लागि जग्गा खरिद तथा पक्की भवन निर्माण कार्य अगाडि बढाइएको छ।
- कोभिड १९ को रोकथाम र नियन्त्रणको लागि नगरपालिकाले कोभिड १९ अस्थायी अस्पताल सञ्चालनमा ल्याईएको छ ।
- स्थानीय गै. स. स. संगको साझेदारीमा बगर खेती कार्यक्रम सञ्चालन गरी विपन्न वर्गको आयआर्जनमा मद्दत पुर्याउन सञ्चालित कार्यक्रमलाई अझ विस्तारित गरिएको छ ।
- नगरपालिकाभित्रका नदी कटानको जोखिममा रहेका गाउँबस्तीमा तटबन्ध निर्माण गरी बस्तीलाई सुरक्षित बनाइएको ।
- नगरभित्र स्वास्थ्य संस्था नभएका ५ वटा वडाहरुमा आधारभूत स्वास्थ्य भवन निर्माण कार्य सुचारु रहेको ।
- नगरभित्र कालोपत्रे सडक २३०० मिटर र ढलान सडक ६ किलोमिटर निर्माण सम्पन्न गरिएको छ।
- यसै शैक्षिक सत्र २०७७/०७८ बाट गौशाला नगरपालिका वडा नं १२ मा गौशाला प्राविधिक शिक्षालय मा डिप्लोमा इन आर्युर्वेद विषयको पठनपाठन सञ्चालनमा रहेको र शिक्षालय भवन तथा आर्युवेद अस्पताल निर्माण कार्य सुचारु रहेको छ।
- गौशाला नगरपालिका वडा नं ८ खाल्टेबजारमा चिस्यान केन्द्र निर्माण सम्झौता सम्पन्न भई कार्यसुचारु रहेको छ।
- यसै आर्थिक वर्षमा उद्योग मन्त्रालयमार्फत उद्योग ग्राम स्वीकृत भई ठेक्का सम्झौता सम्पन्न भएको छ।

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

- नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत स्थानीय पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत पचाइन पोखरी पार्क निर्माण कार्यक्रम स्वीकृत भई ठेक्का सम्झौताको क्रममा रहेको छ।
- प्राथमिक स्वास्थ्य केन्द्र गौशालामा १५ बेडको आधारभूत अस्पताल निर्माणको प्रक्रिया अगाडि बढिसकेको छ ।
- वडा नं १ र वडा नं १० को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको छ।
- नगरभित्र यसै आ व मा ६ इन्चको २९ वटा र ४ इन्चको ३० वटा सिंचाइका लागि नयाँ डिप बोरिङ जडान गरी १२ वटा पुराना डिप बोरिङहरुको मर्मत सम्भार गरिएको छ।

नगर सभा सदस्यज्यूहरु,
अब म आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

## सामाजिक विकास

**१. शिक्षा, युवा तथा खेलकुद क्षेत्र :**

(क) सार्वजनिक शिक्षाको सबलीकरण गर्दै गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।

(ख) कोभिड-१९ को सङ्क्रमणको कारण अवरुद्ध रहेको सिकाई प्रणालीलाई व्यवस्थित गर्न आफ्नो परिवेश अनुकूल सिक्ने वातावरण सिर्जना गरी खुला तथा वैकल्पिक प्रणालीको माध्यमबाट सिकाईलाई सहजीकरण गरिनेछ।

(ग) बालसंवेदनशील अभिभावक शिक्षाको अवधारणालाई निरन्तरता दिइनेछ ।

(घ) नगरभित्र साक्षरता अभियान संचालन गरी साक्षर नगरपालिका घोषणा गरिनेछ ।

(ङ) नगरक्षेत्रभित्रका बालबालिकाहरुको सर्वाङ्गिण विकासका लागि सामुदायिक बाल उद्यान केन्द्र स्थापना गरिनेछ ।

(च) न्यून दरबन्दी रहेका विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा नगरपालिकाबाट स्थानीय शिक्षकको व्यवस्था गरी पठनपाठनलाई सुदृढीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(छ) शिक्षालाई योग र नागरिक आरोग्यसंग जोडिनेछ ।

(ज) स्थानीय भाषा र स्थानीय विषयमा पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

(झ) दलित तथा पिछडा वर्ग तथा मुसहर बालबालिकाहरुका लागि उच्च शिक्षा निशुल्क गर्ने नीति लिइनेछ ।

(ञ) सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउने जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

(ट) यसै शैक्षिक सत्रबाट गौशाला नगरपालिकाको पहलमा स्नातक तहको सिभिल इन्जिनियरिङ्ग विषयको पठनपाठन सञ्चालनका लागि जग्गा खरिद र भवन निर्माण गरी विश्वविद्यालयलाई हस्तान्तरण गरिनेछ ।

(ठ) नगर क्षेत्रमा रहेका खुला, सार्वजनिक, पर्ती तथा नदी उकास आसपासका क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा खेलकूद मैदान, बालउद्यान, फुटसल जस्ता पूर्वाधारको निर्माण एवम् सञ्चालनका लागि सार्वजनिक निजी साझेदारीमा व्यवस्थापन गर्ने नीति लिइनेछ ।

(ड) गौशाला प्राविधिक शिक्षालयको पठनपाठनलाई विषय र क्षेत्रगत रुपमा विकास र विस्तार गर्दै लगिनेछ ।

(ढ) कक्षाकोठा, शौचालय, खानेपानी र घेराबार निर्माण गरी विद्यालयको भौतिक सुधार क्रमश गर्दै लगिनेछ ।

(ण) विद्यालय बालबालिकाहरुका लागि दिवा खाजा सञ्चालन, सेनिटरी प्याड वितरण र वृक्षारोपण गरी हरित विद्यालयको अवधारणालाई अगाडि बढाइनेछ ।

(ट) प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीलाई सघीय सरकारले निर्धारण गरेबमोजिम रु १५०००। (अक्षरुपी रुपैया पन्ध्रहजार मात्र) न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गराइने छ ।

**२. स्वास्थ्य क्षेत्र :**

(क) अस्थायी कोभिड १९ अस्पताललाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने नीति लिईनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

(ख) दुई छोरी पश्चात् परिवार नियोजन गर्ने दम्पतिलाई प्रोत्साहन स्वरुप सम्मान गर्ने नीति लिईनेछ ।

(ग) विद्यालयमा विभिन्न महामारी रोक्नका लागि विद्यालयस्तरीय सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(घ) नगरभित्रका दिवा स्याहार केन्द्रमा साप्ताहिक रुपमा डाक्टरबाट free normal check up गराउने व्यवस्था गराइनेछ ।

(ङ) जटिल समस्याका गर्भवतीहरुका लागि नजिकको अस्पतालसम्म पुर्याउन निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

(च) बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

(छ) जेष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा बीमा कार्यक्रमलाई जेष्ठ नागरिकको घरदैलोसम्म विस्तार गरिनेछ ।

(ज) महिला स्वयंसेवकहरुलाई विगतमा दिईंदै आएको प्रोत्साहन भत्ता कार्यक्रमलाई निरन्तरता दिई हाल उपलब्ध गराई आएको रकममा सत् प्रतिशत वृद्धि गरी रु ३०००।(अक्षरुपी रुपैया तीनहजार मात्र) उपलब्ध गराइनेछ ।

(झ) नगरपालिका भित्र घुम्ती एकीकृत विशेषज्ञ स्वास्थ्य सेवा शिविरको व्यवस्थापन गरिनेछ ।

(ञ) सबै वडाहरुका गर्भवती महिलालाई स्वास्थ्य प्रोटोकल अनुसार चार पटक स्वास्थ्य चौकीमा जाँच गर्न प्रेरित गरी नगरकै बर्थिङ्ग सेन्टरमा प्रसुती गराउने व्यवस्था गरिनेछ ।

(ट) पूर्ण खोप घोषणालाई निरन्तरता दिन र खोप तथा गाउँघर क्लिनिक केन्द्रलाई व्यवस्थित गरिनेछ ।

(ठ) पालिकाभित्र सबै स्वास्थ्य संस्थाहरुमा ओ टी सी सेवा सञ्चालन गर्न व्यवस्थापन गरिनेछ ।

(ड) नगरभित्रका प्रत्येक वडामा योग केन्द्र र आयुर्वेद केन्द्र सञ्चालन गरिनेछ ।

(ढ) सहयोगी सघ सस्थाहरुको समन्वयमा आँखा उपचार केन्द्र स्थापना गरिनेछ ।

## ३. खानेपानी तथा सरसफाई :

(क) यस नगरभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको व्यवस्थापनका लागि प्रत्येक वडामा जल संरक्षण कार्यक्रम सञ्चालनमार्फत नगरक्षेत्रको पिउने पानीको दिगो समाधान गर्ने नीति लिइनेछ ।

(ख) फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी फोहोरलाई मोहरमा रुपान्तरण गर्न आधुनिक प्रविधिको फोहोर संकलन केन्द्रको स्थापना गरिनेछ ।

(ग) नगर क्षेत्रमा वातावरण प्रदुषणको कारण बनेका तथा आवश्यक वातावरणीय मापदण्ड पूरा नगरेका उद्योगहरूको सन्दर्भमा प्रारम्भिक वातावरण परीक्षण गरी उक्त प्रतिवेदनका आधारमा क्रमशः वातावरण प्रतिकूल उद्योगहरुलाई विस्थापन गर्ने नीति लिइनेछ ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

(क) आर्थिक समृद्धि र दीगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

(ख) अपाङ्गताभएका सबै बालबालिकाहरूलाई अपाङ्गता परिचय पत्र, आवश्यक सहायता सामाग्री र जीवनोपयोगी सीपमा जोड दिदै विद्यालय शिक्षामा पहुँच वृद्धि गरिनेछ ।

(ग) महिला, विपन्न र पिछडिएका समुदायको प्रवर्द्धनका लागि सीपमुलक तालिम तथा उद्यमशीलता विकासमार्फत काम र रोजगारीमा पहुँच पुऱ्याई स्वआय-आर्जनमार्फत आत्मनिर्भर बनाइनेछ।

(घ) नगरभित्रका वृद्ध तथा बच्चाहरुका लागि प्रत्येक वडामा एक दिवा स्याहार केन्द्र खोली सञ्चालनमा ल्याइनेछ ।

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

(ङ) ज्येष्ठ नागरिकसंग जनप्रतिनिधि भेटघाट कार्यक्रम गरी ज्येष्ठ नागरिकलाई सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।

(च) फरक क्षमता भएका अशक्त र अपाङ्ग व्यक्तिहरुका समस्याहरु समाधानका लागि प्राथमिकताको पहिचान गरी सीपमूलक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(छ) अपांगता परिचयपत्र र जेष्ठ नागरिक परिचयपत्र सम्बन्धमा समुदाय स्तरमा अनुगमन तथा वडा कार्यालयसंग को समन्वयमा आवश्यकता अनुसार वितरणका लागि व्यवस्थापन गरिनेछ ।

(ज) नगरस्तरीय ज्येष्ठ नागरिक सभा भवन निर्माण गरिनेछ ।

## आर्थिक विकास क्षेत्र

### ५. कृषि र पशुपन्छी विकास :

(क) कृषि उपजको सुरक्षाका लागि उत्पादन संकलन र विक्री वितरण केन्द्र, खाद्य गोदाम, शितभण्डार तथा खाद्य प्रशोधन उद्योग निर्माण गर्नेतर्फ जोड दिईनेछ ।

(ख) मौसम तथा माटो अनुकूलको बाली उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नबाली, नगदेवाली, फलफुल खेती तथा तरकारी बालीको दीगो उत्पादन, आपूर्ति, संरक्षण तथा बजारको व्यवस्था गरिनेछ ।

(ग) हाल कोभिड १९ महामारीको कारण विश्वव्यापी रोजगारी कटौती भएकाले कृषिलाई गरिबी निवारणको आधार बनाई स्वदेश फर्किएका बेरोजगार युवाशक्तिको लागि स्वरोजगार, क्षमता अभिवृद्धि, प्राविधिक सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(घ) कृषि व्यवसाय प्रवर्द्धन गर्न प्रदेश तथा संघीय सरकारसंगको समन्वय तथा साझेदारीमा कृषकलाई आधुनिक प्रविधिका तालिम, कृषि औजारहरू, बिउबिजन लगायतका सामाग्री वितरण गरिनेछ ।

(ङ) प्रमुख उत्पादन सामाग्रीहरु मल बिउबिजन आदि उत्पादन तथा मौज्दात स्थितिको नियमित अनुगमन गरी आपूर्ति सुनिश्चितता गरिनेछ ।

(ण) विपन्न, बेरोजगार युवा तथा कृषकहरुलाई आवश्यक पर्ने कृषि प्रविधि, मल, विउविजन, सिंचाईका साथै आधुनिक कृषि औजारमा अनुदानको कार्यक्रम लागु गरिनेछ ।

(त) उन्नत जातको गाई, भैसी, बाख्राको संख्या वृद्धि गर्नका लागि पशु नश्लसुधारको कार्यक्रमलाई जोड दिईनेछ ।

(थ) नगर भित्र उत्पादित कृषि उपजको बजारीकरणको लागि सहकारी संस्था संग सहकार्यमा प्याकेजिंग, ब्राण्डिंग, लेवलिंग गरी बजारको व्यवस्था गरिनेछ ।

(द) INGO र NGO हरूसंगको सहकार्यमा कृषि क्षेत्रमा बिभिन्न कार्यक्रमहरू गरिनेछ ।

(ध) गाई गौशालाको नाममा रहेको सम्पूर्ण सम्पत्ति क्रमश गौशाला नगरपालिकाको नाममा ल्याउन पहल गरिनेछ ।

### ६. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन :

(क) नगरभित्रका सम्भाव्यताहरुको अध्ययन गरी पर्यटन विकासलाई जोड दिईनेछ।

(ख) ऐतिहासिक महत्व बोकेको मल्हनिया पोखरी, बान्ह पोखरी, निगौल ठाकुर पोखरी, रजखोर पोखरी, सुखलहिया पोखरी, पचाइन पोखरी साथै दुर्गा मन्दिरको संरक्षण र विकास गर्दै सौन्दर्यता वृद्धि गरि आन्तरिक पर्यटकलाई आकर्षित गरिनेछ।

(ग) गौशालामा व्यापार र पर्यटन प्रवर्द्धन गर्न उद्योग वाणिज्य संघसंग समन्वय गरी गौशाला महोत्सवको आयोजना गरिनेछ ।

(घ) नगर स्तरमा उपलब्ध मूर्त अमूर्त ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा तथा संस्कृतिहरुको पहिचान तथा वैज्ञानिक अभिलेखीकरण गर्दै तिनीहरुको सर्वेक्षण, अनुसन्धान, सम्वर्द्धन, संरक्षणका लागि एकीकृत दीर्घकालीन गुरुयोजना निर्माण गरिनेछ।

## ७. उद्योग तथा वाणिज्य

(क) नगरभित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रवर्द्धन र विकासमा जोड दिइने छ।

(ख) गौशाला नगरपालिका वडा नं ८ स्थित औद्योगिक ग्राममा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।

(ग) कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहन गरिनेछ।

## ८. सहकारी र वित्तीय क्षेत्रको विकास :

(क) नगरपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानून र आवश्यकता अनुसार मापदण्ड तयारी गरी कार्यान्वयन र नियमन गर्ने नीति लिइनेछ ।

(ख) सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्डको निर्माण तथा प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ ।

(ग) प्रत्येक वडामा सहकारी सुपथ मूल्य पसल स्थापना गर्न पहल गरिनेछ ।

(घ) नगरपालिकामा वहुउद्देश्यीय सहकारी संस्था बनाई जनतामा छरिएर रहेको पूँजिलाई केन्द्रित गरिनेछ ।

(ङ) अन्तरनगर वित्तीय सहायताबाट काम गर्ने नीति अवलम्बन गरिनेछ ।

(च) नगरका तर्फबाट छिमेकी नगरपालिका, गाउँपालिका तथा छिमेकी देशसंग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ ।

## पुर्वाधार विकास क्षेत्र

### ९. सडक पूर्वाधार तर्फको विकास निर्माण :

(क) पालिका केन्द्रबाट सबै वडाकेन्द्रसम्म जोड्ने कालोपत्रे सडक क्रमश निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

(ख) नगरपालिकामा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन र नियमन गरिनेछ।

(ग) अन्तर नगरपालिका जोड्ने सडकहरुलाई संघीय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरी अगाडि बढाईनेछ।

(घ) नगरपालिकाभित्रका विभिन्न मुख्य सडकहरु कालोपत्रे र पक्की ढलान गरिनेछ ।

### १०. भवन तथा सहरी विकासः

(क) योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन, राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति दिइने र नियमन गरिनेछ।

(ख) भवन आचार संहिता अनुसार नगर भित्र नयाँ घरहरू निर्माण गराईनुका साथै नयाँ नक्सा पास गर्दा कम्तीमा ४ वटा विरुवा रोपेको हुनुपर्ने र पक्की सडक उपलब्ध रहेको खण्डमा पक्की सडकको लेभेलबाट बढीमा ५ फिटसम्म मात्र प्लीन्थ लेभेल तोकेर नक्सा पास गरिनेछ।

(ग) नगरभित्र रहेका खरको छानो विस्थापित गरी जस्ता पाता र टायलको छाना छाउने व्यवस्था मिलाइनेछ ।

## ११. सूचना सञ्चार तर्फ :

(क) सबै प्रकारका सूचना माध्यममा जनताको पहुँच पुर्‍याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाउने नीति अवलम्वन गरिनेछ।

(ख) नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विद्युतीय र छापा संचारमाध्यमसंग सहकार्य गरिनेछ।

(ग) नगर क्षेत्रमा पत्रकारिताको विकास परिमार्जन एवम् पेशागत दक्षताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(घ) नगरमा भएगरेका कामको डकुमेन्ट्री तथा बुलेटिन प्रकाशन गरिनेछ ।

**१२. वैकल्पिक उर्जा विकास कार्यक्रम :**

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहकार्यमा नगरपालिका क्षेत्रभित्र वैकल्पिक उर्जाका विभिन्न श्रोतहरुको उपलब्धता गराई प्रयोगमा अभिवृद्धिका लागि प्रचार प्रसार तथा समन्वयको नीति लिइनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

**१३. वन तथा भु-संरक्षण :**

(क) वन व्यवस्थापनलाई वैज्ञानिक बनाउँदै यस क्षेत्रको उपयोग र संरक्षण दुवैलाई प्राथमिकता दिइने नीति कार्यान्वयन मा ल्याइनेछ।

(ख) सार्वजनिक खाली जग्गा, नदी उकास क्षेत्रमा सम्बन्धित निकायसंगको समन्वयमा २० हजार वृक्षारोपण गरी उचित सम्भार गर्ने व्यवस्थापन मिलाइनेछ ।

(ग) जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गरिनेछ ।

**१४. जल उत्पन्न प्रकोप नियन्त्रण :**

(क) नगरपालिकामा बढि जोखिम तथा धनजनको क्षति हुन सक्ने संभाव्यताको अध्ययन गरी मानव बस्ती संरक्षणका लागि नदी नियन्त्रण र तटबन्ध मार्फत जल उत्पन्न प्रकोप व्यवस्थापन लाई संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्था संगको समन्वय र सहकार्यमा विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

(ख) नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी अध्ययन, अनुसन्धान गरी कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ।

(ख) चुरे संरक्षण विकास तथा ज्ञान केन्द्र निर्माणको अवधारणा अनुसार सरोकारवाला संघसस्थाहरुसंग समन्वय गरी कृषि चुरे वन क्षेत्रको संरक्षण गरी जीविकोपार्जनमा सहयोग पुर्याईनेछ ।

**१५. विपद् व्यवस्थापन :**

(क) विपद् व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना निर्माणगरी नगरपालिकाबाट कार्यान्वयन र नियमन गरिनेछ।

(ख) विपद् पूर्व तयारी तथा प्रतिकार्य, पुनः स्थापना योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गरिनेछ।

(ग) संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्र र राष्ट्रिय/अन्तरराष्ट्रिय गैर सरकारी संस्थासंगको सहयोग, समन्वय र सहकार्यमा विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण, विपद व्यवस्थापनमा जलवायु परिवर्तन, अनुकूलन तथा प्रकोप व्यवस्थापनको कार्यक्रम संचालन गरिनेछ साथै गरिदैं आएको कार्यलाई निरन्तरता दिईनेछ।

**सुशासन तथा संस्थागत विकास**

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

(क) जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा अध्ययन अवलोकन, भ्रमणहरूको आयोजना तथा संचालन गरिनेछ ।

(ख) स्थानीय तहको संगठन विकास, जनशक्ति व्यवस्थापन लागि कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण गरी वृत्ति विकासको अवसर दिइनेछ।

(ग) जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी बनाउदै नगरको विकासमा पुर्याएको योगदानको आधारमा कर्मचारीको कामको मुल्यांकन गरी थप सुविधा तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

**१७. राजस्व परिचालन :**

(क) नगरपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड निर्माणगरी कार्यान्वयन गरिनेछ।

(ख) सबै आर्थिक क्रियापकलापलाई करको दायरमा ल्याई राजस्वको आधार फराकिलो बनाउने तथा आर्थिक क्रियापकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाइ लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिनेछ ।

(ग) करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील वनाइनेछ । यसका लागि अन्तरक्रिया, विभिन्न छलफल र परामर्श गोष्ठी लगायत विभिन्न कार्यक्रमहरु गरिनेछ।

**१८. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण :**

(क) स्थानीय सरकारको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ।

(ख) विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरी प्रभावकारी नियमन गर्न सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ ।

**१९. समपूरक तथा बिशेष बजेट व्यवस्थापन :**

नेपालको संविधान २०७२ अनुसार राज्यको पुनर्संरचना र शक्ति बाँडफाड गर्ने क्रममा संघीय, प्रदेश र स्थानीय तहको सरकार गठन, निर्देशन, परिचालन र नियन्त्रणको सिद्धान्तमा रही गौशाला नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार र अन्य संघ-संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारीको आधारमा विकास निर्माणका कामहरू गर्ने नीति लिएको छ।

**२०. गौशाला नगरपालिका भु-उपयोग नीति :**

(क) कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षणलाई सुनिश्चित गरिनेछ ।

(ख) भूमीको उचित व्यवस्थापन तथा योजनाबद्ध बस्ती विकासका लागि नगर स्तरमा भूमापन गरी एकीकृत बस्ती विकास आयोजना सञ्चालन गरिनेछ ।

(ग) मालपोत र नापी कार्यालय सञ्चालनका लागि संघीय सरकारसंग पहल गरिनेछ ।

**२१. गौशाला नगरपालिकामा न्यायिक समिति सम्वन्धी काम र प्रस्तावना :**

न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्यायप्रतिको जनविश्वास कायम राखिनेछ।

**२२. सामाजिक सुरक्षा भत्ता :**

कुनैपनि नागरिकले खाईपाई आएको सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित, प्रभावकारी र पारदर्शी मापदण्ड बनाई छिटोछरितो रुपमा बैंकमार्फत वितरण प्रणालीलाई थप व्यवस्थित बनाउँदै लगिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने प्रमुख अतिथि माननीय प्रतिनिधि सभा सदस्यज्यू, विशेष अतिथि माननीय प्रदेश सभा सदस्यज्यू, माननीय पूर्व सांसदज्यूहरु, विभिन्न राजनितिक दलका पदाधिकारीज्यूहरु, वडा अध्यक्षज्यूहरु विभिन्न समितिका संयोजकज्यूहरु, नगर सभा सदस्यज्यूहरु, निजि क्षेत्र तथा विकास साझेदार सस्थाका महानुभावहरु, राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजिवी एवम् पत्रकार, नगरको सम्मुनत विकासमा टेवा दिने नगरवासीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, नगरको विकास र सम्वृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतिमा कार्यरत सबै प्रति हार्दिक आभार व्यक्त गर्दै यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयमा सबैको खुल्ला हृदयबाट सहयोगको अपेक्षा गरेको छु । बहस, छलफल र सहकार्यबाट नै विकास हुनसक्छ भन्ने मान्यता बोकेको छु । सो कुरा यहाँहरु समक्ष विश्वास दिलाउन पनि चाहन्छु ।वर्तमान वस्तुगत यथार्थ र धरातलमा उभिएर आफ्नो नगरपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानी समग्र चुनौतीहरुको सामना गर्न कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध हुँदै गौशाला नगरवासीहरुको उज्ज्वल भविष्य निर्माणको लागि कामना गर्दछु ।

**धन्यवाद ! जय गौशाला !!!**

**यस गरिमामय छैठौं नगर सभाका सभा अध्यक्षज्यू,**

युगौ युग देखि नेपाल एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा रहिआएको छ । हाम्रो वर्तमान जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ र हाम्रो भविष्य उज्ज्वल र सम्भावना युक्त छ । विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका बलिदानीपूर्ण जनआदोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत अन्य सबै आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभुति गरिरहेका छन् । अहिले हामी विश्व महामारी कोभिड-१९ को दोश्रो लहरबाट प्रभावित भई चुनौती पूर्ण समयको सामना गर्दै अघि बढिरहेका छौ । सम्पूर्ण विश्वको अर्थतन्त्रमा नकारात्मक प्रभाव देखिएको अवस्थामा गौशाला नगरपालिका पनि यस परिस्थितिबाट अक्षुत नरहेको पनि सर्वबिदितै छ । यस जटिल परिस्थतिमा आम नगरवासीको जन स्वास्थ्यको रक्षा लगायत विकास निर्माणको कार्य अघि बढाउनु साथै अर्थतन्त्रलाई समेत असल दिशा तिर उन्मुख गराई आर्थिक विकासलाई कायमै राख्ने कार्य जटिल र चुनौतिपूर्ण अवश्य छ ।

आजको यस गौरवपूर्ण अवसरमा जनआन्दोलन, मधेश आन्दोलन लगायत अन्य पटक पटक आन्दोलनबाट आप्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । यस नगरको राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रजहरुप्रति आभार प्रकट गर्दछु ।

**सभा अध्यक्षज्यू,**

राजनैतिक आन्दोलनबाट प्राप्त सबै खाले अधिकारलाई नेपालको संविधानले संस्थागत गरी सकेको यस महत्वपूर्ण घडीमा अव हामी गौशला नगरबासीका आवश्यकता, चाहाना र भावनालाई केन्द्रविन्दुमा राख्दै गौशला नगरपालिकाको नीति कार्यक्रमहरुलाई व्यवस्थित एवं मर्यादित रुपमा अगाडि बढाउन जरुरी भएकोले **"गौशला नगरः स्वच्छ, सुन्दर, समुन्नत नगर"** को नारालाई व्यवहारीक रुपमा साकार पार्नको लागि हामीले तयार पार्ने र कार्यान्वयनमा लैजाने कार्यक्रमहरु त्यसै तर्फ केन्द्रित हुने गरी तयार पारिएका नीति कार्यक्रम अनुसारको बजेट व्यवस्था गरिएको अनुरोध साथ यस गरिमामय सभा समक्ष आर्थिक बर्ष २०७८।०७९ को बजेट प्रस्तुत गर्न उभिएको छु र अनुमति चाहन्छु ।

**सभा अध्यक्ष ज्यू,**

गौशाला नगरपालिकाको आ. व. २०७८/०७९ को अनुमानित बजेट यस गरिमामय छैठौं नगरसभा समक्ष पेश गर्न पाउदा मलाई खुशी लागेको छ ।
प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने नगर प्रमुख ज्यू, प्रमुख अतिथि ज्यू लगायत सम्पूर्ण पदाधिकारी ज्युहरु, सम्पूर्ण राजनितक दलका पदाधिकारी ज्युहरु, निजि क्षेत्र तथा विकास साझेदार सस्थाका महानुभावहरु, वडा अध्यक्ष ज्युहरु, नगर कार्यपालिका सदस्य ज्युहरु, विभिन्न समितिका संयोजक ज्युहरु, नगर सभाका सदस्य ज्युहरु, राष्ट्र सेवक कर्मचारीहरु, वुद्धिजिविहरु, नगरको समुन्नत विकासमा टेवा पुर्याउनु हुने नगरवासीहरु सबैलाई हार्दिक आभार प्रकट गर्दछु ।

**सभा अध्यक्षज्यू,**

**आर्थिक बर्ष २०७८/०७९ को लागि आय तर्फ निम्न बमोजिमको बजेट अनुमान गरेको छुः-**

संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान १६ करोड ९९ लाख, संघीय राजस्व बाडँफाडँ तर्फ १२ करोड ६ लाख ५६ हजार, संघीय सर्शत तर्फ २६ करोड ४७ लाख, संघीय समपुरक अनुदान १ करोड ४ लाख, प्रदेश सरकारको अनुदान तर्फ वित्तीय समानिकरण अनुदान १ करोड २० लाख ६१ हजार, बिशेष अनुदान ३० लाख, समपूरक अनुदान २० लाख, राजस्व बाडफाड १ करोड ३५ लाख ९२ हजार ६ सय ७, आन्तरिक आय तर्फ ५ करोड ७६ लाख ५१ हजार, अल्या रकम १३

करोड, सामाजिक सुरक्षा तर्फ १४ करोड ५० लाख  गरी कुल रकम रु. ९२ करोड ८९ लाख ६० हजार ६ सय ७ को आय अनुमान गरेको छु ।

**यसै गरी आर्थिक बर्ष २०७८/०७९ को लागि व्यय तर्फ निम्न बमोजिमको बजेट अनुमान गरेको छुः-**

वित्तीय समानीकरण अनुदान र आन्तरिक आर्य तर्फको पूँजीगत खर्चमा २९ करोड  ८८ लाख ६० हजार ६ सय ७ , संघिय सर्शत अनुदान तर्फ २६ करोड ४७ लाख, चालु तर्फ २० करोड ५० लाख ५० हजार, संघीय समपुरक अनुदान १ करोड ४ लाख, प्रदेश बिशेष अनुदान ३० लाख, प्रदेश समपुरक २० लाख, सामाजिक सुरक्षा तर्फ १४ करोड ५० लाख गरि कुल रकम रु. ९२ करोड ८९ लाख ६० हजार ६ सय ७ को व्यव अनुमान गरेको छु ।

अन्त्यमा, नगरको विकास र सम्बृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतीमा लागि परेका सबै विकास साझेदार, सरकारी, गैर सरकारी सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस बजेटको सफल कार्यान्वयमा सबैको खुल्ला हृदयबाट सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद ! जय गौशला !!!**

गौशाला नगरपालिका नगर कार्यपालिका को कार्यालय गौशाला, महोत्तरी प्रदेश नं. २, नेपाल २०७४